बैठक संख्याः ६४

आज मिति २०८२ साल जेठ २७ गते मंगलबार दिनको ३:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | अनुपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | अनुपस्थित |
| ६ | का.वा. सदस्य (वडा नं. ४) | श्री प्रेमकाजी श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योती बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | अनुपस्थित |
| २४ | सदस्य | श्री रवीन्द्र सुनार | उपस्थित |
| २५ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | उपस्थित |
| २६ | अधिकृत | श्री यादव खनाल | उपस्थित |

बैठक संख्याः ६४

आज मिति २०८२ साल जेठ २७ गते मंगलबार दिनको ३:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | |
| ६ | का.वा. सदस्य (वडा नं. ४) | श्री प्रेमकाजी श्रेष्ठ | |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | |
| १८ | सदस्य | श्री समिता थापा | |
| १९ | सदस्य | श्री ज्योती बोगटी | |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | |
| २३ | सदस्य | श्री कमला परियार | |
| २४ | सदस्य | श्री रवीन्द्र सुनार | |
| २५ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | |
| २६ | अधिकृत | श्री यादव खनाल | |

-:: छलफलका विषयहरू ::-

१) बनेपा नगरपालिकाको १६ औं नगरसभा सम्बन्धमा।

२) विविध।

-:: निर्णयहरू ::-

बनेपा नगरपालिका नगर कार्यपालिकाको गत बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको समीक्षा गरियो।

निर्णय नं. १

आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमाका लागि बनेपा नगरपालिका नगरसभाको १६ औं अधिवेशन मिति २०८२ असार ६ गते शुक्रबार बिहान ८:०० बजे बनेपा नगरपालिकाको सभाहलमा बस्ने निर्णय गरियो।

निर्णय नं. २

बनेपा नगरपालिका नगरसभाको १६ औं अधिवेशनमा पेश गरिने नीति, योजना, कार्यक्रम तथा बजेट प्रस्तुतिका लागि नगर अन्तर्गत गठित सबै विषयगत समितिहरूले आवश्यक छलफल गराई प्रस्तावित प्रतिवेदनहरू मिति २०८२ असार २ गते सोमबारभित्र नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ३

सहकारी विभागको च.नं. २७, मिति २०८१/०४/०६ समेतको पत्र बमोजिम बनेपा नगरपालिका क्षेत्रभित्र संचालित ज्योति बहुउद्देश्यीय सहकारी संस्था लि. (साविक बनेपा वडा नं. ७) को अनुगमन तथा छानविन गर्न गठित समितिले सो सहकारीको आवश्यक छानविन गरी नगरपालिकासमक्ष पेश गरेको प्रतिवेदन सहकारी विभागमा पठाउने निर्णय गरियो।

निर्णय नं. ४

खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ ले निर्धारण गरेको कानूनी प्रक्रिया पूरा गरी रीतपूर्वक निवेदन पेश हुन आएको तपसिल बमोजिमको खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई नियमानुसार दर्ता प्रक्रिया अघि बढाउने निर्णय गरियो।

तपसिल (क) श्री महेश्वरी सेरा खानेपानी तथा सरसफाई उपभोक्ता समिति, बनेपा-४।

तपसिल (ख) श्री पुरानो गा.वि.स. खानेपानी तथा सरसफाई उपभोक्ता समिति, बनेपा-१२।

निर्णय नं. ५

बनेपा नगरपालिका राजस्व परामर्श समितिको मिति २०८२/०२/१३ को बैठकको निर्णय बमोजिम सिफारिस भई आएको देहाय बमोजिमको प्रस्ताव अनुमोदन गर्ने।

प्रमुख उपप्रमुख

| क्र.सं. | प्रस्ताव | सिफारिस भई आएको विषय |
|---|---|---|
| | | **राजस्व परामर्श समितिको मिति २०८२।०२।१३ को बैठकबाट सिफारिस भई आएको ।** |
| १. | पार्किङ शुल्क संकलनको ठेक्का सम्बन्धमा। | बनेपा नगरपालिकाको स्वामित्वमा बनेपा न.पा.-८, बसपार्कमा रहेको पार्किङ स्थलको पार्किङ शुल्क चालु आ.व.मा नगरपालिकाको मौजुदा जनशक्तिबाट संकलन भईरहेकोमा आगामी एक आर्थिक वर्षको न्यूनतम कबोल अंक रु.१५,००,०००।- (मु.अ.कर समेत) कायम गरी दुई वर्षको लागि ठेक्का आह्वान गर्न सिफारिस गर्ने । |
| २. | नयाँ सपिङ कम्प्लेक्स (पूर्वतर्फ)को बहाल रकम संकलन गर्ने ठेक्का सम्बन्धमा। | बनेपा नगरपालिकाको स्वामित्वमा बनेपा न.पा.-८, बसपार्कमा रहेको नयाँ सपिङ कम्प्लेक्स(पूर्वतर्फ)को बहाल रकम संकलन गर्ने सम्बन्धी ठेक्का मिति २०८२।०२।०१ देखि लागू हुने गरी कार्यपालिकाको बैठकबाट रद्द भएको हुँदा उक्त भवनको बहाल संकलन गर्नको लागि मासिक बहाल रकम साविक बमोजिमको न्यूनतम कबोल अंक मासिक मू.अ.क.सहित रु.३,३५,१००।- (तीन लाख पैंतीस हजार एक सय) मात्र कायम गरी दुई वर्षको लागि ठेक्का आह्वान गर्न सिफारिस गर्ने। |
| ३. | आन्तरिक आय प्रक्षेपणको संशोधन सम्बन्धमा। | बनेपा नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३, २०८३।०८४ र २०८४।०८५ को प्रदेश सरकारबाट बाँडफाँड हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर लगायत अन्य आन्तरिक आय तपसिल बमोजिमको कायम गरी यस अगाडी गरिएको प्रक्षेपण संशोधन गर्ने। |

बनेपा नगरपालिकाको आ.व. २०८२।०८३ देखि त्रिवर्षिय आन्तरिक राजस्व प्रक्षेपण

आन्तरिक राजस्वः

| क्र.सं. | राजस्व संकेत | विवरण | २०८१।०८२ को प्रक्षेपण रु. | २०८२ जेठ १२ सम्म | २०८२।०८३ को प्रक्षेपण | २०८३।०८४ को प्रक्षेपण | २०८४।०८५ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | १,४५,२०,०००.० | ७५,०८,६१६.१ | १,०५,००,०००.० | १,१५,५०,०००.० | १,२७,०५,०००.० |
| २ | ११३१४ | भूमिकर/मालपोत | ६०,५०,०००.० | १,५८,०८,६२६.० | १,२०,००,०००.० | १,३२,००,०००.० | १,४५,२०,०००.० |
| ३ | ११३१७ | बहाल कर | २,७०,००,०००.० | २,६६,४९,६३५.७ | ३,०३,००,०००.० | ३,३३,३०,०००.० | ३,६६,६३,०००.० |
| ४ | ११३१८ | बहाल बिटौरी कर | | ३,१९,७७५.० | ३,५०,०००.० | ३,८५,०००.० | ४,२३,५००.० |

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३

प्रमुख उपप्रमुख

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ५ | ११६९१ | अन्य कर | १,२१,०००.० | ३४,०००.० | १,३५,०००.० | १,४८,५००.० | १,६३,३५०.० |
| | | ६ | १४२१३ | अन्य सेवा शुल्क तथा बिक्री | १,२१,०००.० | २,१७,४३४.० | ३,००,०००.० | ३,३०,०००.० | ३,६३,०००.० |
| | | ७ | १४२४१ | पार्किङ शुल्क | ५,००,०००.० | १०,७७,९२०.० | १४,००,०००.० | १५,४०,०००.० | १६,९४,०००.० |
| | | ८ | १४२४२ | नक्सा पास दस्तुर | १,१०,००,०००.० | ६२,४५,२८९.३ | ३,००,००,०००.० | ३,३०,००,०००.० | ३,६३,००,०००.० |
| | | ९ | १४२४३ | सिफारिस दस्तुर | २,२०,००,०००.० | ६९,६९,९५७.० | १,००,००,०००.० | १,१०,००,०००.० | १,२१,००,०००.० |
| | | १० | १४२४४ | व्यक्तिगत घट्ना दर्ता दस्तुर | १,२७,०५०.० | ४,५७,७६०.० | ५,००,०००.० | ५,५०,०००.० | ६,०५,०००.० |
| | | ११ | १४२४५ | नाता प्रमाणित दस्तुर | ५०,८२०.० | १,१९,२०५.० | १,५०,०००.० | १,६५,०००.० | १,८१,५००.० |
| | | १२ | १४२४९ | अन्य दस्तुर | ३२,६७,०००.० | ७२,३२,३०१.९ | ८०,००,०००.० | ८८,००,०००.० | ९६,८०,०००.० |
| | | १३ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ९४,३८,०००.० | २४,४००.० | १,००,०००.० | १,१०,०००.० | १,२१,०००.० |
| | | १४ | १४५२९ | अन्य राजस्व | २२,००,०००.० | ५३,९७,३९४.२ | ६०,००,०००.० | ६६,००,०००.० | ७२,६०,०००.० |
| | | १५ | १४६११ | व्यवसाय कर | ९३,५०,०००.० | ८४,२०,१४३.२ | ९५,००,०००.० | १,०४,५०,०००.० | १,१४,९५,०००.० |
| | | १६ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | ६३,५५०.० | ८०,०००.० | ८८,०००.० | ९६,८००.० |
| | | १७ | १४४५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १,६३,३५,०००.० | ७८,४२,३६२.० | १,७५,७७,०००.० | १,९३,३४,७००.० | २,१२,६८,१७०.० |
| | | १८ | १४२१९ | शौचालय शुल्क | २५,००,०००.० | ६,५०,०००.० | २५,००,०००.० | २७,५०,०००.० | ३०,२५,०००.० |
| | | १९ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | | ४५,४००.० | १,००,०००.० | १,१०,०००.० | १,२१,०००.० |
| | | २० | १४५११ | बीमा दाबी प्राप्ति | | १,७७,५४३.० | २,००,०००.० | २,२०,०००.० | २,४२,०००.० |

प्रमुख उपप्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | १८,०६,८७८.० | २५,००,०००.० | २७,५०,०००.० | ३०,२५,०००.० |
| २२ | १४२२४ | परीक्षा शुल्क | | २,३८,९००.० | २,५०,०००.० | २,७५,०००.० | ३,०२,५००.० |
| २३ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | १,८१,२००.० | २,००,०००.० | २,२०,०००.० | २,४२,०००.० |
| २४ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | | ५,०४,०००.० | ५,००,०००.० | ५,५०,०००.० | ६,०५,०००.० |
| २५ | ११४७२ | विज्ञापन कर | १५,६०,०००.० | १७,२३,२५०.० | १७,२३,२५०.० | १८,९५,५७५.० | २०,८५,१३२.५ |
| २६ | ११४७० | मनोरञ्जन कर | | ६,०७,५५९.२ | ५,००,०००.० | ५,५०,०००.० | ६,०५,०००.० |
| | | आन्तरिक राजस्व कुल जम्मा | १२,६१,३९,८७०.० | १०,०३,२३,०९९.६ | १४,५३,६५,२५०.० | १५,९९,०१,७७५.० | १७,५८,९१,९५२.५ |
| २७ | १४१७७ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | २०,००,००,०००.० | | १५,००,००,०००.० | १६,५०,००,०००.० | १८,१५,००,०००.० |
| | | कुल जम्मा | ३२,६१,३९,८७०.० | १०,०३,२३,०९९.६ | २९,५३,६५,२५०.० | ३२,४९,०१,७७५.० | ३५,७३,९१,९५२.५ |

प्रमुख

उपप्रमुख

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय नं. ६

मानव कल्याण समाज (सेवा घर), धु.न.पा. १२ लाई सहयोगापेक्षी सडक मानवमुक्त नगर निर्माणका लागि रू. २ लाख अनुदान स्वरूप उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ७

काठमाडौं जिल्ला प्रशासन कार्यालयमा कानून बमोजिम दर्ता भई गैरनाफामूलक संस्थाको रूपमा संचलित **आत्मज्ञान प्रचार संघ** (साविक बनेपा ५(क) मा रहेको कित्ता नं. ५५६, क्षेत्रफल १-४-२-२ को जग्गामा बनेको) को नाममा निर्मित संरचनाको बनेपा नगरपालिकाको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा-१०(५)(ङ) बमोजिम सम्पत्ति कर नलिने (छुट गर्ने) निर्णय गरियो।

निर्णय नं. ८

यस बनेपा नगरपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरूमा सेवा करारमा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुको मिति २०८२ बैशाख १ गतेदेखि लागू हुनेगरी बढीमा ३ महिनाका लागि म्याद थप गरी सम्झौता नवीकरण गर्ने निर्णय गरियो।

तपशिलः

१) नमराज घिमिरे, ना.प्रा.स., चौथो तह (कृषि)।

२) मिना घर्ती मगर, ना.प्रा.स., चौथो तह (कृषि)।

३) ज्ञानी लक्ष्मी सैजु, अ.न.मी., चौथो तह।

४) रोहित श्रेष्ठ, हलुका सवारी चालक श्रेणीविहिन।

निर्णय नं. ९

बनेपा नगरपालिकाको पूर्व निर्मित भवन नियमित तथा अभिलेखीकरण कार्यविधि, २०८१ बमोजिम साविकमा नक्सा पासबिना नै निर्माण भएका घरजग्गाहरूको अभिलेखीकरण गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. १०

आ.व. २०८०/०८१ को भुक्तानी बाँकी रहेको बनेपा नगरपालिका वडा नं. ६ अन्तर्गतको **सहिदमार्ग स्मारक खेल मैदान निर्माण** योजनाको डिभिजन वन कार्यालय, काभ्रेपलाञ्चोकसँग आवश्यक राय लिई नियमानुसार भुक्तानी प्रक्रिया अघि बढाउने निर्णय गरियो।

उपप्रमुख

प्रमुख

निर्णय नं. ११

बनेपा नगरपालिका वडा नं. ११ अन्तर्गतको पुण्यश्वर-ढुङ्गेधारा-वडा कार्यालय मार्गका लागि बनेपा नगरपालिकाले निर्धारण गरेको सडक मापदण्ड विपरित निर्माण भएका भौतिक संरचनाहरू हटाउन भनी बनेपा नगरपालिकाले १५ दिने सूचना प्रकाशन गरेकोमा सूचनाको म्यादभित्र संरचनाहरू नहटाएको पाइएमा प्रहरी प्रशासनसँग आवश्यक समन्वय गरी ती संरचनाहरू हटाउने र हटाउँदा लाग्ने खर्च सम्बन्धित पक्षबाट असुलउपर गर्ने/गराउने निर्णय गरियो।

निर्णय नं. १२

बनेपा नगरपालिका वडा नं. ९ अन्तर्गत खत्रीगाउँ जाने बाटो ढलान शीर्षकको योजनामा प्राविधिकको प्रतिवेदन अनुसार निर्माण गरिएको ग्याविन वालको कार्य सम्पन्न भएकाले सोको भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १३

बनेपा नगरपालिका अन्तर्गत १४ वटै वडा कार्यालयहरूबाट प्राप्त वडा समितिका निर्णय तथा सिफारिस समेतका आधारमा बनेपा नगरपालिकालाई सडक बालबालिकामुक्त नगर घोषणा गर्ने निर्णय गरियो।

निर्णय नं. १४

आर्थिक वर्ष २०८१/०८२ का लागि यस बनेपा नगरपालिकाबाट सडक पिच, ढलान, ड्रेन लगायत अन्य भौतिक पूर्वाधार निर्माण कार्यका लागि ठेक्का आव्हान भएकोमा गत असोज महिनामा आएको विपदबाट ढुंगा लगायतका सामाग्रीहरू आपूर्तिमा समस्या परेको कारण समयमै ठेक्का कार्य सम्पन्न हुन नसकेको हुँदा वासडोल सडक वडा नं. १२ लगायत काम गर्न बाँकी सबै ठेक्का सम्झौताको म्याद मिति २०८२ असार १५ गतेसम्म थप गर्ने निर्णय गरियो।

निर्णय नं. १५

बागमती प्रदेशस्तरीय योग खेलकूद प्रतियोगिता संचालन गर्न नेपाल योग खेलकूद संघलाई रू. ३० हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १६

हंसदा योग आश्रम व्यवस्थापन समिति बनेपा-१० लाई रु. १० हजार आर्थिक सहायता उपलब्ध गराउने।

प्रमुख    उपप्रमुख